**5th May , 2026 Friday**

**यो आकाशवाणी हो।**

**शुरु गरौं यस बुलेटिनका प्रमुख समाचारहरुबाट**

**१.** प्रधानमन्त्री श्री मोदीले भाजपाको विजयलाई ऐतिहासिक र अभूतपूर्व बताउनु हुँदै पार्टी कार्यकर्ताहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।
**२.** भारतीय जनता पार्टीले पश्चिम बंगालमा विधायक दलको नेता चयनका लागि गर्यो केन्द्रीय पर्यवेक्षक नियुक्त
**३.**पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले चुनाउ परिणामपछि पदबाट राजीनामा दिन गर्नुभएको छ अस्वीकार
**४ .** बिहारमा मुख्यमन्त्री सम्राट चौधरीको नेतृत्वमा रहेको मन्त्री परिषद्को विस्तार ७ मईमा गरिने

***१. प्रधानमन्त्री मोदी–भाजपा***

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भाजपा को विजयलाई ऐतिहासिक र अभूतपूर्व बताउनु हुँदै पश्चिम बंगाल, असम, पुदुचेरी, तमिलनाडु र केरलका जनतासहित पार्टी कार्यकर्ताहरूलाई धन्यवाद व्यक्त गर्नुभएको छ। चुनावी परिणामपछि हिजो साँझ नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै उहाँले भाजपा–एनडीए सरकारहरू २० भन्दा बढी राज्यमा सत्तामा रहेको बताउनुभयो। उहाँले देशका लागि नयाँ युगको सुरुवात भएको र जनताले भारतको लोकतन्त्र, कार्यसम्पादनमा आधारित राजनीति तथा 'एक भारत, श्रेष्ठ भारत' को भावनामा विश्वास व्यक्त गरेको बताउनुभयो।

प्रधानमन्त्रीले पार्टी अध्यक्ष श्री नितिन नबिनलाई कार्यकर्ताहरूलाई मार्गदर्शन दिएकोमा प्रशंसा गर्नुभयो। यसरी नै असमका जनताले लगातार तेस्रोपटक भाजपा–एनडीएलाई विश्वास गरेको उल्लेख गर्नु हुँदै यसलाई ऐतिहासिक उपलब्धि बताउनुभयो। उच्च मतदाता सहभागितालाई उल्लेख गर्दै उहाँले भारत निर्वाचन आयोग, निर्वाचन अधिकारीहरू, मतदान कर्मचारी तथा सुरक्षा बलहरूलाई सफलतापूर्वक चुनाव सम्पन्न गराएकोमा बधाई दिनुभयो।

भाजपा अध्यक्ष श्री नितिन नविनले पनि चार राज्य र एक केन्द्रशासित प्रदेशका जनतालाई समर्थन र विश्वासका लागि धन्यवाद व्यक्त गर्नुभयो। उहाँले असम, पश्चिम बंगाल र पुदुचेरीका चुनावी नतिजाले प्रधानमन्त्री श्री मोदीको नेतृत्वप्रति जनताको अटल विश्वास देखाएको बताउनुभयो। साथै, पश्चिम बंगालमा प्राप्त ठूलो विजय पार्टी कार्यकर्ताहरूको निरन्तर मेहनत र समर्पणको परिणाम भएको उल्लेख गर्नुभयो।

***२. पश्चिम बंगाल नतिजा – अन्य राज्य***

पश्चिम बंगाल र तमिलनाडु विधानसभा चुनाउमा दुई मोर्चामा ऐतिहासिक परिणाम देखिएको छ। पश्चिम बंगालमा भारतीय जनता पार्टीले पहिलो पटक भारी बहुमत प्राप्त गरेको छ भने तमिलनाडुमा नवोदित पार्टी तामिलागा भेत्री काझागाम सबैभन्दा ठूलो दलका रूपमा उदाएको छ। अन्य राज्यहरूमा असम र पुदुचेरीमा वर्तमान सरकारहरू पुनः निर्वाचित भएका छन् भने केरलमा नयाँ सरकार चयन भएको छ।

***३. भाजपा पर्यवेक्षक***

भारतीय जनता पार्टीले पश्चिम बंगालमा विधायक दलको नेता चयनका लागि वरिष्ठ पार्टी नेता तथा केन्द्रीय मन्त्री श्री अमित शाहलाई केन्द्रीय पर्यवेक्षक नियुक्त गरेको छ। ओडिशाका मुख्यमन्त्री श्री मोहन चरण माझीलाई राज्यमा केन्द्रीय सह–पर्यवेक्षक नियुक्त गरिएको छ। त्यसैगरी, असममा

विधायक दलको नेता चयनका लागि केन्द्रीय मन्त्री श्री जे पी नड्डालाई केन्द्रीय पर्यवेक्षक र हरियाणाका मुख्यमन्त्री श्री नायाब सिंह सैनीलाई केन्द्रीय सह–पर्यवेक्षक नियुक्त गरिएको छ। यी नामहरूलाई भाजपा संसदीय पर्यवेक्षक बोर्डले अनुमोदन गरेको छ।

***४. पश्चिम बंगाल–शपथ ग्रहण***

पश्चिम बंगाल विधानसभा चुनावमा भाजपाको शानदार जीतपछि राज्यमा नयाँ सरकार गठन र शपथ ग्रहण समारोहको तयारी तीव्र रूपमा भइरहेको छ। नयाँ मन्त्रिपरिषद्का सदस्यहरूको शपथ ग्रहण समारोह ९ अप्रिलमा हुने सम्भावना रहेको छ, जुन गुरुदेव रवीन्द्रनाथ ठाकुरको जन्मजयन्ती पनि हो। समारोहमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र गृहमन्त्री श्री अमित शाह सहभागी हुने अपेक्षा गरिएको छ।

***५ . पश्चिम बंगाल–ममता बेनर्जी***

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले हालैका चुनाउ परिणामपछि पदबाट राजीनामा दिन अस्वीकार गर्नुभएको छ। उहाँले मतदान प्रक्रिया बलपूर्वक प्रभावित गरिएको र सम्पूर्ण चुनावी प्रक्रिया अनियमित भएको दाबी गर्दै आफ्नो पार्टी पराजित नभएको दाबी गर्नुभयो। आज कोलकत्तामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले यस्तो धारणा व्यक्त गर्नुभएको हो। साथै, उहाँले भारत चननाउ आयोगमाथि पक्षपात गरेको आरोप लगाउँदै यसले भारतको लोकतान्त्रिक इतिहासमा "कालो अध्याय" सिर्जना गरेको बताउनुभयो। यसैबीच, भारतीय जनता पार्टीलेले ममता बनर्जीको अभिव्यक्तिको कडा आलोचना गरेको छ। भाजपा अनुसार मुख्यमन्त्री बेनर्जीले वर्तमान विधानसभाको कार्यकाल यसै महिनाको ७ तारिखमा सकिने भएकाले त्यसपछि कोही पनि सदस्य नरहने बताएका छन् ।

***६. प्रधानमन्त्री–यूएई हमला***

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले संयुक्त अरब इमिरेट्सको फुजैराहमा भएको हमलाको कडा शब्दमा निन्दा गर्नुभएको छ। उक्त हमलामा तीन भारतीय नागरिक घाइते भएका छन्। सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीले नागरिक र आधारभूत संरचनालाई लक्षित गर्नु अस्वीकार्य भएको बताउनुभयो। उहाँले भारत संयुक्त अरब इमिरेट्ससँग एकताबद्ध रूपमा उभिएको र संवाद तथा कूटनीतिमार्फत सबै समस्याको शान्तिपूर्ण समाधानका लागि आफ्नो समर्थन दोहोर्याएको पनि उल्लेख गर्नुभयो। साथै, Strait of Hormuz मा सुरक्षित र निर्बाध आवागमन सुनिश्चित गर्नु क्षेत्रीय शान्ति, स्थिरता तथा विश्व ऊर्जा सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण रहेको उहाँले बताउनुभयो। हिजो ईरानद्वारा गरिएको ड्रोन आक्रमणका कारण फुजैराहको पेट्रोलियम उद्योग क्षेत्रमा आगलागी हुँदा तीन भारतीय नागरिक घाइते भएका थिए।

***७. बिहार मन्त्री-परिषद्***

बिहारमा मुख्यमन्त्री सम्राट चौधरीको नेतृत्वमा रहेको मन्त्री परिषद्को ७ मईमा विस्तार गरिने भएको छ। प्रदेश भाजपा अध्यक्ष श्री संजय सरोगीले शपथ ग्रहण समारोहमा वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री श्री अमित शाह , पार्टी अध्यक्ष नितिन नविन, जेडीयू अध्यक्ष नितिश कुमार तथा एनडीएका अन्य वरिष्ठ नेताहरू सहभागी हुने जानकारी दिनुभएको छ। श्री सरोगीका अनुसार उक्त समारोह गाँधी मैदानमा आयोजना गरिनेछ।

***८. भियतनामका राष्ट्रपति – भारत भ्रमण***

भियतनामका राष्ट्रपति श्री तो-लामले आफ्नो पहिलो राजकीय भ्रमणका क्रममा नयाँ दिल्ली आइपुग्नुभएको छ। परराष्ट्र मन्त्रालयलले सामाजिक सञ्जालमार्फत यो भ्रमणले भारत र भियतनामबीचको बहुआयामिक तथा सुदृढ द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने जनाएको छ। यसअघि राष्ट्रपति तो लाम बौध गया पुगेर महाबोधी मन्दिरमा पूजा–अर्चना गर्नुभएको थियो । उहाँले भियतनामी मठको पनि भ्रमण गर्दै विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिहरूमा सहभागिता जनाउनुभयो।

भोलि उहाँले प्रधानमन्त्री Narendra Modi सँग विस्तृत छलफल गर्नुहुनेछ। साँझ उहाँले राष्ट्रपति Droupadi Murmu सँग शिष्टाचार भेट गर्नुहुने कार्यक्रम रहेको छ।

### *९. रक्षा–बीईएल हैदराबाद*

रक्षा मन्त्रालयले हैदराबादमा रहेको Bharat Electronics Limited सँग पाँचवटा ग्राउन्ड-आधारित मोबाइल इलेक्ट्रोनिक प्रणाली किन्नकालागि १ हजार ४ सय करोड रुपियाँको सम्झौतामा हस्ताक्षर गरेको छ। यसमा करिब ७२ प्रतिशत स्वदेशी उपकरण समावेश गरिएको छ। मन्त्रालय अनुसार यस प्रविधिले भारतीय सेनाको आधुनिकीकरणमा सहयोग पुऱ्याउनेछ र देशको स्वदेशी रक्षा उत्पादन प्रणालीलाई थप सुदृढ बनाउनेछ।

### *१०. जयशंकर–जमैका*

भारतका विदेश मन्त्री श्री एस जयशंकरले विकास सहयोग भारत र जमैकाबीचको साझेदारीको एक प्रमुख स्तम्भ बनेको बताउनुभएको छ। उहाँले जमैकाकी विदेश मन्त्री क्यामिना जोनसन स्मिथ तथा अन्य क्याबिनेट सदस्यहरूसँगको भेटपछि सञ्चारमाध्यमलाई सम्बोधन गर्दै यस्तो धारणा व्यक्त गर्नुभएको हो।विदेश मन्त्री श्री जयशंकरले वार्ता व्यापक र अर्थपूर्ण रहेको उल्लेख गर्नु हुँदै द्विपक्षीय सम्बन्धका सबै पक्ष समेटिएको र सहयोगलाई अझ सुदृढ बनाउने नयाँ उपायहरू खोजिएको बताउनुभयो। उहाँले दुवै देशबीच विभिन्न महत्वपूर्ण सम्झौताहरूमा हस्ताक्षर भएको र डिजिटल रूपान्तरण, सांस्कृतिक आदान–प्रदान, खेलकुद तथा डिजिटल भुक्तानी जस्ता क्षेत्रमा हालै सम्पन्न समझदारीपत्रहरूको प्रभावकारी कार्यान्वयनबारे छलफल गरिएको जानकारी दिनुभयो, जसले जमीनी तहमा ठोस परिणाम सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

### *११. आईपीएल क्रिकेट*

आईपीएल क्रिकेटमा आज साँझ आयोजक दिल्ली क्यापिटल्सले अरुण जेटली स्टेडियममा चेन्नई सुपर किंग्ससँग प्रतिस्पर्धा गर्नेछ। खेल साँझ ७:३० बजेबाट सुरु हुनेछ । हिजो राति, आयोजक मुम्बई इन्डियन्सले वानखेड़े स्टेडियममा लखनउ सुपर जायन्ट्सलाई ६ विकेटले पराजित गऱ्यो। २२९ रनको लक्ष्य पछयाएको मुम्बई इन्डियन्सले १८.४ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । त्यसअघि पहिले ब्याटिङ गरेको लखनउ सुपर जायन्ट्सले निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा २२८ रन बनाएको थियो। रायन रिकेल्टनलाई प्लेयर अफ द म्याच घोषित गरियो ।

**अन्त्यमा यस बुलटिनका प्रमुख समाचार पुनः एक पटकः**

**१.** प्रधानमन्त्री श्री मोदीले भाजपाको विजयलाई ऐतिहासिक र अभूतपूर्व
बताउनु हुँदै  पार्टी कार्यकर्ताहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।
**२.** भारतीय जनता पार्टीले पश्चिम बंगालमा विधायक दलको नेता चयनका
लागि गर्यो केन्द्रीय पर्यवेक्षक नियुक्त
**३.**पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले चुनाउ परिणामपछि
पदबाट राजीनामा दिन गर्नुभएको छ अस्वीकार
**४ .** बिहारमा मुख्यमन्त्री सम्राट चौधरीको नेतृत्वमा रहेको मन्त्री परिषद्को
विस्तार ७ मईमा गरिने